निर्वाचन आयोग, नेपाल
ELECTION COMMISSION, NEPAL

प.सं. च.नं./Ref:

# प्रेस विज्ञप्ति

मिति २०७४।०१।२७

काठमाडौं, वैशाख २७ । प्रमुख निर्वाचन आयुक्त डा. अयोधीप्रसाद यादवद्वारा आज निर्वाचन आयोगमा आयोजित कार्यक्रममा राजनीतिक दलका शीर्ष नेताहरूलाई निर्वाचनमा संयमता अप्नाउन आह्वान गर्नुभएको छ ।

आयोगले प्रमुख राजनीतिक दलका शीर्ष नेताहरूलाई स्थानीय तहको निर्वाचनसम्बन्धमा छलफलका लागि आमन्त्रण गरेको थियो । सो कार्यक्रममा सम्माननीय प्रधानमन्त्री पुष्पकमल दाहाल, पूर्व प्रधानमन्त्री शेरबहादुर देउवा, पूर्व प्रधानमन्त्री डा. बाबुराम भट्टराई, उपप्रधानमन्त्री विजयकुमार गच्छदार, पूर्व सभामुख सुवासचन्द्र नेम्बाङ, मन्त्री रमेश लेखक, नेताहरु अग्नि खरेल, बुद्धिमान तामाङ, राजेन्द्र श्रेष्ठ, डा. शिवजी यादवलगायतका नेताहरुको उपस्थिति रहेको थियो ।

कार्यक्रमको सुरुमा प्रमुख आयुक्त डा. यादवले स्थानीय तह निर्वाचनको अन्तिम तयारी भइरहेका समयमा विभिन्न ठाउँमा आगजनी र कुटपीटजस्ता घटना भएका र दोलखामा एक जनाको ज्यानै जाने घटना भएकोप्रति आयोग दुःखी भएको बताउनुभयो । उहाँले यस्ता घटना दोहोरिन नदिनका लागि सरकार तथा राजनीतिक दलका नेताहरुबाट आ-आफ्ना दलका कार्यकर्ताहरुलाई संयमित हुन आवश्यक निर्देशन दिन अनुरोध गर्नुभयो । साथै उहाँले राजनीतिक दलका शीर्ष नेतृत्वसमक्ष राजनीतिक दलको सहमतिमा आयोगले जारी गरेको निर्वाचन आचारसंहिताको पूर्ण पालना गर्ने गराउने प्रतिबद्धतापत्रमा हस्ताक्षर गर्न आह्वान गर्नुभए अनुसार, उपस्थित नेताहरुले प्रतिबद्धता पत्रमा हस्ताक्षर गरी आचारसंहिता पूर्णरुपमा पालना गर्ने/गराउने प्रतिबद्धता व्यक्त गर्नुभयो ।

**प्रतिबद्धतापत्र यस प्रकार छ :**

"निर्वाचन लोकतन्त्रको आधारशीला हो । स्वच्छ, स्वतन्त्र र विश्वसनीय निर्वाचनले मात्र लोकतन्त्रको सुदृढीकरण तथा शासनको सवलीकरणमार्फत सुशासनमा टेवा पुऱ्याउँछ भन्ने तथ्यलाई हृदयंगम गर्दै मुलुकमा सम्पन्न गरिने स्थानीय तहको निर्वाचनको सुव्यवस्थापनमा हाम्रो अग्रणी भूमिका रहेको तथ्यलाई आत्मसात् गर्दछौं । निर्वाचन आयोगले जारी गरी कार्यान्वयनमा ल्याएको निर्वाचन आचारसंहिता, २०७२ तथा स्थानीय तह निर्वाचन आचारसंहिता, २०७३ मा उल्लेख भएका आचारसंहिताका बुँदाहरुको अक्षरशः पालनाका लागि हामी प्रतिबद्धता व्यक्त गर्दछौं । साथै उल्लिखित बुँदाहरु सरोकारवालाहरुबाट समेत पालना गर्न र गराउन सदैव मन बचन र कर्मले प्रयत्नशील रहिरहने प्रतिबद्धतासमेत व्यक्त गर्दछौं ।"

सूर्यप्रसाद शर्मा
सहसचिव एवं प्रवक्ता

कान्तिपथ, काठमाडौं, नेपाल, फोन नं. (९७७-१) ४२२८६६३ । फ्याक्स: (९७७-१) ४२२९२२७
Kantipath, Kathmandu, Nepal, Tel: (977-1) 4228663, Fax: (977-1) 4229227
E-Mail: info@election.gov.np, Website: www.election.gov.np
"फोटो सहितको मतदाता नामावलीमा नाम दर्ता गरौ ।"